भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२

राजपत्रमा प्रकाशित मिति : २०८२।१२।३०

प्रमाणिकरण मिति : २०८२।१२।३०

## भागेश्वर गाउँपालिकाको मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः

भागेश्वर गाउँपालिकाबाट सञ्चालन हुने खानेपानी,सिंचाई सम्बन्धी योजना तथा आयोजनाहरू सञ्चालन, मुहान सम्बन्धी विवादहरूको व्यवस्थापन तथा खानेपानी तथा सिंचाई सम्बन्धी विविध योजना र कार्यक्रमहरू व्यवस्थित तवरले सञ्चालन गर्न वाञ्छनीय भएकाले, भागेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### १. प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम 'मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८२' हुनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले भागेश्वर गाउँपालिकाको मुहान दर्ता कार्यविधि, २०८२ लाई सम्झनुपर्छ।

(ख) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपभोगका लागि आपूर्ति गरिने खानेपानीलाई सम्झनुपर्छ र "सिंचाई" भन्नाले कृषि क्षेत्रको उत्पादनको लागि खेतियोग्य जमिन तथा अन्य उपभोग्य जमिनको लागि आवश्यक पर्ने पानीको आपुर्तिलाई सम्झनुपर्दछ ।

भागेश्वर गाउँ कार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

*अनुसूची - १*

**(दफा ५ सँग सम्बन्धित)**

मुहान दर्ता तथा उपभोक्ता समिति दर्ताका लागि निवेदन

(अनुसूची-१ अनुसार)

मितिः २०८२/..../....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

भागेश्वर गाउँ कार्यपालिकाको कार्यालय

बगरकोट डडेल्धुरा

विषयः खानेपानी मुहान तथा उपभोक्ता समिति दर्ता गरिपाऊँ।

महोदय,

उपरोक्त विषयमा यस भागेश्वर गाउँपालिका वडा नं. ....... स्थित ..................................टोलमा मा बसोबास गर्ने हामी स्थानीय बासिन्दाहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराउनका लागि "........................................................ ...........................................................मुहान दर्ता/उपभोक्ता समिति" गठन गरिएको छ।

"खानेपानी मुहान दर्ता/उपभोक्ता सम्बन्धी कार्यविधि, २०८२" को दफा ६ बमोजिम देहायका विवरणहरू खुलाई यो निवेदन पेश गरेका छौं।

विवरणहरूः

१. उपभोक्ता समितिको नामः ..........................................................................

२. मुहान/स्रोत रहेको स्थानः वडा नं. ......., टोलः ...........................................

३. उपभोग गर्ने पानीको परिमाणः ............ (लिटर प्रति सेकेन्ड वा घनमिटर)

४. परियोजना सुरु गर्न लाग्ने अनुमानित समयः ..........................................

५. लाभग्राही जनसंख्या/घरधुरी संख्याः ......................................................

६. परियोजनाको अनुमानित लागतः रु. .........................................................

संलग्न कागजातहरूः

- उपभोक्ता समितिको गठन भएको बैठकको निर्णय (माइन्युट) को प्रतिलिपि।
- समितिको प्रस्तावित विधान।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

